माछापुच्छ्रे गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
लाहाचोक, कास्की
गण्डकी प्रदेश
प्रमुख प्रशासकीय अधिकृत

# माछापुच्छ्रे गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
लाहाचोक, कास्की
गण्डकी प्रदेश

## SANITARY PAD/NAPKIN VANDING MACHINE
## खरिद सम्बन्धी सिलबन्दी दरभाउपत्र आह्वानको सूचना

**बोलपत्र नं. २४/NCB /MRM /GOODS /०७६-७७**

**प्रथम पटक प्रकाशित २०७७।०२।०७ गते**

यस कार्यालयको स्वीकृत कार्यक्रम अनुसार आ.ब. २०७६।०७७ का लागी सार्वजनिक विद्यालयहरुमा अध्ययनरत किशोर अबस्थाका छात्राहरुलाई महिनावारिका समयमा अत्यावश्यक पर्ने महिनावारी व्यवस्थापन सामाग्री खरिद गरी निःशुल्क वितरण प्रयोजनका लागि सिलबन्दी दरभाउपत्रका माध्यमवाट खरिद गर्नुपर्ने भएकोले निम्न शर्तहरुको अधिनमा रही दरभाउपत्र पेश गर्न सम्वन्धित सवैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**शर्तहरुः**

१) यो सूचना प्रकाशित भएको मितिले १५ औ दिन सम्म कार्यालय समय भित्र प्रभु बैंक लिमिटेडको खाता नं. १६६००१०१०९२२३४००००१ मा जम्मा गरेको रु. १०००।- (एक हजार) को सक्कल भौचर पेश गरी वा गाउँपालिकाको राजश्व शाखाबाट रु १०००।- तिरी (पछि फिर्ता नहुने गरी) यस माछापुच्छ्रे गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बाट दरभाउपत्र फारम खरिद गर्न सकिनेछ ।

२) दरभाउपत्र फाराम खरिद गर्न लिखित निवेदन साथ आ.व. २०७६/७७ सम्मको लागि नविकरण गरिएको कम्पनि / व्यवसाय संचालन गर्न पाउने इजाजत पत्र वा फर्म दर्ता प्रमाणपत्र, आयकर दर्ता प्रमाणपत्र तथा मू.अ. कर दर्ता प्रमाणपत्र र आ.व. ०७५/७६ सम्मको कर चुक्ता प्रमाणपत्र समेतका प्रतिलिपि संलग्न राखी प्रोपाइटर स्वयं उपस्थित भई वा आधिकारिक मञ्जुरीनामा सहितको प्रतिनिधि पठाई खरिद गर्न सकिनेछ ।

३) यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १६ औ दिनको १२.०० वजे भित्र यस माछापुच्छ्रे गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयमा दरभाउपत्र दर्ता गराई सक्नु पर्नेछ । म्याद भित्र दर्ता भएका दरभाउपत्रहरु सोहि दिनको १.०० वजे दरभाउपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा यस माछापुच्छ्रे गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयमा खोलिनेछ । दरभाउपत्रदाता वा निजको प्रतिनिधि अनुपस्थित रहेमा पनि दरभाउपत्र खोल्न वाधा पर्ने छैन ।

४) दरभाउपत्र फारम खरिद गर्ने र दर्ता गर्ने अन्तिम दिन विदा पर्न गएमा सो को भोलिपल्ट कार्यालय खुलेको पहिलो दिनलाई अन्तिम दिन मानिनेछ ।

५) दरभाउपत्रदाताले धरौटी वापत रु १८३०० ।- (अक्षरुपी रु अठ्ठार हजार तीन सय मात्र) माछापुच्छ्रे गाउँपालिका कास्कीको नाममा रहेको प्रभु बैंकको धरौटी खाता नं. १६६००१०१०९२२३४००००४ मा जम्मा गरेको सक्कल बैंक भौचर वा कम्तीमा ९० दिन (दरभाउपत्र दाखिला गर्ने अन्तिम दिन बाट) म्याद कायम रहेको वाणिज्य बैंक (क श्रेणी) बाट यस माछापुच्छ्रे गाउँपालिकाको नाममा जारी भएको बैंक जमानत (विडवण्ड) दरभाउपत्रसाथ संलग्न राख्नु पर्नेछ ।

६) विल अफ क्वान्टिटीजमा (BOQ) उल्लेखित SANITARY PAD /NAPKIN VANDING MACHINE सामाग्रीहरुको परिमाणमा थपघट भएमा दरभाउपत्रदाताले कवोल गरेको दररेटमानै उपलव्ध गराउनु पर्नेछ ।

७) आपूर्तिकर्ताले मान्यता प्राप्त कम्पनीहरुवाट उत्पादित SANITARY PAD /NAPKIN VANDING MACHINE मात्र आपूर्ति गर्नु पर्नेछ ।

८) आपूर्तिकर्ताले आपूर्ति गर्ने SANITARY PAD /NAPKIN VANDING MACHINE उत्पादन गर्ने कम्पनीको नाम उल्लेख गर्नु पर्नेछ ।

९) आपूर्ति गरिने SANITARY PAD हरुको मान्य अवधि मिति (Expiry Date) स्टोर दाखिला भएको दिनवाट कम्तीमा १८ महिना बाँकी भएको हुनु पर्नेछ र १८ महिना भन्दा कम Expiry Date भएका औषधीको हकमा स्टोर दाखिला मितिले ७५ प्रतिशत म्याद बाँकी हुनु पर्नेछ ।

१०) आपूर्ति हुने SANITARY PAD हरुको प्याकेट को प्रत्येक प्याकिङ्ग वाहिर उत्पादन मिति, Expiry Date तथा Batch No. र नेपाल सरकारको निःशुल्क वितरणका लागि भनी उल्लेख भएको हुनु पर्नेछ ।

११) दरभाउपत्र स्विकृत भई यस माछापुच्छ्रे गाउँपालिकाले तोकेको अवधि भित्र एकै पटक SANITARY PAD /NAPKIN VANDING MACHINE उपलब्ध गराउनु पर्नेछ ।

१२) यो सूचनामा उल्लेख नभएका अन्य कुराहरु सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमावली २०६४ तथा अन्य प्रचलित कानून वमोजिम हुनेछ ।

---

प्रमुख प्रशासकीय अधिकृत